## कठिन कालकी निडर महिला

# रेवन्त कुमारी आचार्य



जन्म : वि.सं. १९७४

मृत्यु : वि.सं. २०५९ श्रावण १२

# कठिन कालकी निडर महिला : रेवन्त कुमारी आचार्य



– रचना खड्का

निरंकुश राणाशासन विरुद्धको प्रजातान्त्रिक आन्दोलनका साहसिक व्यक्तित्व रेवन्तकुमारी आचार्यको जन्म वि.सं. १९७४ सालमा माता गुणराजेश्वरी अर्याल र पिता पं केदारनाथ शर्मा अर्यालको कोखबाट काठमाडौंको ठमेलमा भएको थियो। ९ दिदी बहिनी र १ भाइ गरी १० सन्तानमा उहाँ दोस्रो सन्तानको रुपमा जन्मिनु भएको थियो । ब्राम्हण परिवारमा जन्मिएता पनि रेवन्तकुमारीका बाल्यकालका अधिकांश साथीहरु नेवारहरु थिए । जसका कारण उहाँ नेपाली भाषा फरर्र बोल्न सक्नु हुन्थ्यो। सानो छँदा उहाँलाई सबैले मगर्नी भनेर बोलाउने गर्दथे । उहाँको जन्म चिनामा लेखिएको नाम यज्ञश्वरी थियो र जन्म मूल नक्षत्रमा भएको हो भनिन्थ्यो। मूल नक्षत्रमा जन्म भएकोले आफू भन्दा जेठाबाठा माथि आपत्विपद् आइपर्ने विश्वासका कारण विवाह गर्ने बेलामा नाम फेरियो र चिना पनि अर्कै बनाइयो। यसरी उहाँको नाम यज्ञश्वरीबाट रेवन्तकुमारीमा परिवर्तन भयो ।

तत्कालीन समयको प्रभावानुकुल रेवन्तकुमारीको विवाह ११ वर्षकै उमेरमा १९८५ सालमा टंकप्रसाद आचार्यसँग सम्पन्न भएको थियो । जो नेपालको प्रजातान्त्रिक आन्दोलनका धरोहर हुनुहुन्थ्यो । बाल्यकालमा रेवन्तकुमारी आचार्यले औपचारिक अध्ययनको कुनै पनि अवसर प्राप्त गर्नु भएन। राणाकालीन त्यो परिवेशमा महिला शिक्षा वर्जित थियो र छोरीहरुले अध्ययन गर्न नपाउने कुरा कुनै नौलो होइन स्वभाविक मानिन्थ्यो । उहाँले लेखपढ गर्ने आफ्नो चाहनालाई विवाह पछाडि स्वअध्ययन मार्फत नै पूरा गर्नु भएको थियो। अंग्रेजी पढ्ने इच्छा समेत टंकप्रसाद आचार्यबाट नै केही हदसम्म पूरा भएको थियो ।

टंकप्रसाद आचार्यसँग विवाह भए पनि रेवन्तकुमारीलाई श्रीमान्को राजनीतिक गतिविधिबारे केही थाहा थिएन। श्रीमान्ले पर्चा लेख्दा र मेसिनबाट पर्चा छाप्ने कार्य गर्दा अरु कसैलाई केही नभन्नु भनी रेवन्तकुमारीलाई सिकाउनु

भएको थियो । उहाँलाई यस बारे केही थाहा थिएन । १९९७ सालमा टंकप्रसादलाई गिरफ्तार गरेर सिंहदरवारमा राखिएको थाहा पाए पछि मात्र उहाँले श्रीमान्‌को राजनीतिक क्रियाकलाप बारे थाहा पाउनु भएको थियो ।

राणाहरुको शासन उत्तरार्द्धमा पुग्ने क्रममा जब गंगालाल, शुक्रराज, धर्मभक्त, दशरथचन्द, टंकप्रसाद आचार्य, रामहरी शर्मा जस्ता युवाहरु खुलेर र ाणाहरुको शासनको विरुद्धमा लागे तव राणाशासकहरु अत्तालिन थाले र स्वतन्त्रताका आवाजहरु माथि निर्ममता पूर्वक दमनचक्र सुरुवात गरे । चार जनालाई निर्ममता पूर्वक फाँसीको सजाय दिए भने टंकप्रसाद आचार्य र रामहरी शर्मालाई ब्राम्हण हत्या' लाग्ने डरले जन्मकैद र सर्वस्वहरणको सजाय दिए । जसले गर्दा रेवन्तकुमारीको परिवार पनि सर्वस्व हरणमा पर्‍यो । टंकप्रसाद आचार्य जन्म कैदमा परी जेल चलान हुनु भयो । तत्पश्चात् रेवन्तकुमारीको जीवनमा कठीनाइका जटिलतम मोडहरु अगाडि देखा पर्न थाले । टंकप्रसाद आचार्य जेल जानु भन्दा पहिले कहिले पनि रेवन्तकुमारीले जीवनमा यस्तो अवस्था आइपर्ला भन्ने कल्पना गर्नु भएको थिएन । यी कठिनाइहरुलाई उहाँले टंकप्रसादको श्रीमती मात्र बनेर होइन राणाहरुको निरंकुशताको विरुद्ध एक कर्मठ योद्धा भरपर्दो सहयोद्धा बनेर पार गर्नुभयो । टंकप्रसादको अनुपस्थितिमा उहाँको परिवारको दायित्व मात्र निर्वाह गर्नु भएन राजनीतिक भूमिकालाई समेत साथसाथै अगाडि लैजानु भयो । रेवन्तकुमारीले टंकप्रसादको नजिकमा बसैरै प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण र अतुलनिय भूमिका निर्वाह गर्नु भएको देखिन्छ ।

टंकप्रसाद आचार्य जेल जाँदा उहाँहरुका दुईवटी छोरीहरु जन्मिसकेका थिए । यिनलाई हुर्काउने जिम्मेवारी रेवन्तकुमारीको थियो । श्रीमान् जेल परेपछि आफन्तहरु समेत छिः छिः र दुर दुर गर्न थाले । सहयोग र आडभरोसाको त कुरै रहेन । बस्नका लागि बास र खानका लागि गाँस समेत नभएको अवस्थामा परिवारको रेखदेख मात्र होइन जेलमा रहेका श्रीमान्‌लाई समेत प्रत्येक विहान वेलुकी खाना पुर्‍याउन आफैं जानु हुन्थ्यो । यति बेला उहाँका साथीहरु भनेका टंकप्रसादसँगै जेल जीवन भोगिरहेका रामहरी शर्माकी आमा र श्रीमती सितादेवी

थिए । उहाँहरुका बीचमा राणाहरुले गरेका अन्याय अत्याचारका बारेमा चर्चा परिचर्चा हुने गर्दथ्यो । घरपरिवारमा परेको विपत र श्रीमान जेलमा हुँदा समेत उहाँ कहिल्यै पनि आत्तिएर रुने र निराश हुने गर्नु भएन । उहाँकी छोरी डा. मिना आचार्य यस्तो अवस्थामा आमाले र रामहरी शर्माकी आमा र श्रीमतीलाई हामीहरुले नआत्तिइ संघर्ष गर्नुपर्छ उहाँहरु चाँडै छुट्ने र राणा शासन समाप्त हुने आशावादी र उत्साहित कुराकानी गर्ने गरेको स्मरण गर्नु हुन्छ ।

टंकप्रसाद आचार्य जेलमा रहेको अवस्था चार जनालाई फाँसी दिइसकेको परिवेशमा राणा विरोधी संघर्ष कमजोर बन्दै जाने खतरा थियो । राणाहरु चरम दमन र धरपकडमा उत्रिएका थिए । यस्तो अवस्थामा रेवन्तकुमारी आचार्यले जेलमा बस्नु भएका टंकप्रसाद आचार्य र रामहरी शर्माहरुका संदेशहरु बाहिर ल्याउने काममा महत्वपूर्ण भूमिका निर्वाह गर्न थाल्नु भएको थियो । सर्वस्व लिलाम पछाडि असाध्यै तिरस्कारपूर्ण जीवन व्यतित गरिरहेकी रेवन्तकुमारीलाई जेल बसेको करिब २ वर्ष पछाडि टंकप्रसादले एउटा चिठी लेख्नुभएको थियो जुन चिठीमा लेखिएको थियो:- अब तिम्रो र मेरो भेट हुन असम्भव छ । त्यसैले तिम्रो उमेर पनि छ । दुई वटा छोरीहरु मेरो आमालाई जिम्मा लगाएर माइत जाऊ र आफ्नो बाँकी जिन्दगीको बारेमा सोच । श्रीमानको यस्तो पत्र पाइसकेपछि त्यसको जवाफमा रेवन्तकुमारीले लेख्नुभएको थियो:- म जनताको सहायताले तपाईं बसेको जेल फोडेर तपाईंलाई अबीर र फूलमाला लगाएर निकाल्छु । मेरो बाटो त्यो हो अरु म सोच्न पनि सक्दिन । रेवन्तकुमारीका सहयोद्धा स्नेहलता श्रेष्ठ स्मरण गर्नु हुन्छ, रेवन्तकुमारी यति सहासिली, आँटिली र दूरदर्शी हुनुहुन्थ्यो र अन्तर मनदेखि दृढता बोकेर काममा लाग्नु हुन्थ्यो । उहाँ त्यसपछाडि राणाहरुको निरंकुश व्यवस्थालाई भत्काउन निरन्तर क्रियाशिल रहन थाल्नु भयो आन्दोलनलाई शसक्त र व्यवस्थित बनाउने सन्दर्भमा जेल भित्रबाट टंकप्रसाद आचार्यले विश्वेश्वरप्रसाद कोइराला लगायत थुप्रैलाई निरन्तर पत्र लेख्नु हुन्थ्यो र त्यो पत्र जेलभित्र बाट असाध्यै चलाखी पूर्वक लिने र त्यसलाई सम्बन्धित ठाउँमा पुऱ्याउने र बाहिरबाट प्राप्त पत्र पनि उत्तिकै सावधानी पूर्वक जेलमा पुऱ्याउने

काम कुशलतापूर्वक गर्नुहुन्थ्यो । उहाँ माथि चर्को निगरानी समेत थियो । उहाँले यस्ता चिठी पत्रहरु देशभित्र मात्र होइन भारतमा रहेका नेताहरु र भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरु र जयप्रकाश नारायण समेतलाई आदान प्रदान गर्ने काम गर्नुभएको थियो । यसले राणाशासनको अन्त्यका लागि देशै भरी संघर्षलाई संचालन गर्ने र छिमेकी राष्ट्रबाट समेत प्रजातान्त्रिक आन्दोलनमा समर्थन जुटाउनका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । रामहरी शर्माले त रेवन्तकुमारी आचार्यको त्यतिबेलाको भूमिकाको स्मरण गर्दै भन्नु भएको छ । हामी रेवन्तकुमारीकै साहस र हौसलाको कारण जेलमा बाँचेका थियौं । हामी बाहिर बसेर जे गर्न पनि तयार छौं । पत्रहरु लुकाएर विदेश पुऱ्याउन पनि सक्छौं तपाईंहरु निश्चिन्त भएर बस्नुहोस् जस्ता प्रेरणादायी वचनले हामीलाई जेलमा ज्यून साहस प्रदान गर्दथ्यो । उहाँले त्यस बेलाको अति नै कठीन राजनीतिक पृष्ठभूमीमा जय नगर, बनारस, कलकत्ता गएर जुन साहसका साथ काम गर्नुभयो । त्यो सामान्य कुरा होइन ।”

रेवन्तकुमारी आचार्यको योगदान केवल चिठीपत्रहरुको आदान प्रदानमा मात्र सिमित छैन । उहाँ आफैं प्रत्यक्ष राजनीतिक गतिविधिको अगुवा हुनुहुन्थ्यो । विषयहरुलाई प्रष्टताका साथ बुझ्ने र राख्ने गर्नु हुन्थ्यो । राणाकालीन त्यस्तो समयमा आफ्ना छोरीहरुको जिम्मेवारीलाई समेत बहन गर्दै भारतका विभिन्न ठाउँहरुमा पुग्नु हुन्थ्यो र कामलाई संगठीत गर्ने प्रयत्न गर्नुहुन्थ्यो । २००४ सालमा बनारसमा कांग्रेसको पहिलो अधिवेशन सम्पन्न हुँदा रेवन्तकुमारीले प्रतिनिधिको रुपमा भाग लिनु भएको थियो । यसै अधिवेशनले जेलमा रहनु भएका टंकप्रसाद आचार्यलाई अध्यक्ष चुनेको थियो । नेपाल भारत ओहोर दोहोर गरिरहने कारणले उहाँलाई प्रशासनले व्यापक निगरानीमा राख्न थाल्यो र पक्राउ गर्ने वारेन्ट जारी गऱ्यो । त्यसपछि रेवन्तकुमारी आफैं सिंहदरवार जानु भयो । राणाहरुले जेलबाट अवैधरुपमा चिठी ओसार पसार गरेको अभियोग लगाए र त्यसलाई उहाँले स्वीकार्नु भयो । उहाँ माथि दुई दिनसम्म केरकार गर्ने क्रम चलिरहयो । केरकार गर्ने प्रमुख व्यक्ति जुद्धशमशेरका छोरा हरिशमशेर थिए । केरकारका क्रममा उनले रेवन्तकुमारीलाई सोधे के तिमीले श्री ३ महाराजालाई मान्दिन भनेकी होइनौ ?' यो प्रश्नमा उहाँले भन्नुभएको थियो यो

त मैले आफूले होइन, मेरो मुखबाट प्रकृति आमा बोल्नु भएको हो। अब त यस्ता पदवी र संस्थाहरुलाई बदल्ने बेला आइसकेको छ। रेवन्तकुमारी साँच्चै साहसी आँटिली र दृढ निश्चयी हुनुहुन्थ्यो र राणा विरोधि आन्दोलनमा होमिनु भएको थियो।

रेवन्तकुमारी आचार्यको जीवनको अर्को महत्वपूर्ण योगदान नेपालको महिला आन्दोलन र जागरणको क्षेत्रमा रहेको छ। उहाँ महिला शिक्षामा विशेष जोड दिनु हुन्थ्यो। आफैंले पनि स्वअध्ययनबाट लेख्न पढ्न केही सिकेपछि अरु बालबालिकालाई समेत पढाउने काम गर्नुहुन्थ्यो। उहाँले २००४ साल मंसिरमा जनकपुरमा आदर्श महिला संघको स्थापना गरी महिला जागरणको काम गर्नुभएको थियो। त्यस्तै उहाँले नेपाल महिला संघको केन्द्रीय कार्यकारी समितिको सदस्यको रुपमा पनि काम गर्नु भएको थियो। तत्कालीन समयमा नेपाल महिला संघको महासचिव स्नेहलता श्रेष्ठ, त्यतिबेला रेवन्तकुमारी आचार्य कहिले दिल्ली, कहिले बनारस, कहिले कलकत्ता हिँडिरहनु पर्ने हुनाले सबै बैठकमा उपस्थित हुन नसके पनि महिला उत्थान सम्बन्धी धेरै काम गर्नु भएको सम्भना गर्नु हुन्छ।

२००७ सालको माघमा टंकप्रसाद आचार्य जेलमुक्त हुनु भयो। सोही वर्षको फाल्गुनमा राणा शासनको अन्त्य भयो। त्यसपछि रेवन्तकुमारी आचार्य फेरि कुनै पद प्रतिष्ठा प्राप्त गर्ने भन्दा पनि समर्पण त्याग र नैतिकताको राजनीतिमा टंकप्रसाद आचार्यलाई हिँड्न प्रेरित गर्दै रहनु भयो। पारिवारिक व्यवहारलाई संचालन गर्दै छोराछोरीहरुको लालनपालनमा लाग्नु भयो। तर उहाँ प्रजातन्त्रलाई सुदृढ बनाउने अभियानमा सधैं साथ सहयोगमा लागिरहनु भयो। श्रीमान प्रधानमन्त्री हुँदा विभिन्न देशहरुको भ्रमणमा पनि उहाँ साथै जानु भएको थियो। उहाँले जवाहरलाल नेहरु, माओत्सेतुङ, चाउएनलाई र उहाँहरुका श्रीमतीहरुलाई भेट्ने सन्दर्भमा नेपालको अवस्थाका बारेमा गहकिला कुराहरु राख्नुहुन्थ्यो र उहाँलाई सबैले सम्मान पूर्वक व्यवहार गर्दथे। २०१७ सालमा मुलुकमा फेरि निरंकुश पञ्चायती व्यवस्थाको सुरुवात भयो। लामो समय पञ्चायती व्यवस्था नेपाली धर्तिमा विद्यमान रहयो। एकपटक रेवन्तकुमारीले

आफ्नो छोराको विवाहमा तत्कालीन राजारानीहरु आउँदा कुराकानीको क्रममा राजा विरेन्द्रले टंकप्रसाद आचार्यलाई मलाई पञ्चायती व्यवस्थाका लागि सहयोग गर्ने होइन ? भनी सोध्दा रेवन्तकुमारीले नै जवाफ दिनु भएको थियो “हामीहरु वास्तविक पञ्चायती व्यवस्था भित्रका हुँदा पनि सरकारहरु हामीलाई यो व्यवस्था बाहिरका ठानी बक्सिन्छ। सरकार त भ्रष्टचारीहरुलाई मात्र पञ्चायती व्यवस्था भित्रका मानिस ठानिबक्सिन्छ। भ्रष्टाचारीको भण्डाफोर गर्ने र आलोचना गर्नेहरुलाई नै पञ्चायती व्यवस्थाभित्रका ठानीबक्सिनु पर्ने होइन र ?” यसरी र ेवन्तकुमारी व्यवस्था प्रतिको आफ्नो धारणा प्रष्टताका साथ राख्नुहुन्थ्यो । आफूलाई लागेका कुरा निर्धक्कसँग राख्न सक्ने विशेष क्षमता थियो । उहाँ आफ्नो जीवन भरीनै यही विशेषताका साथ स्वतन्त्रता, न्याय र समानताका पक्षमा उभिएको हामी पाउन सक्छौं ।

तीन छोरा र चार छोरीकी आमा रेवन्तकुमारीप्रति छोराछोरीहरु आमाले कठिनाइका बीचमा गरेको काम र संघर्षसंग नतमस्तक छन् । खास गरी जेठी छोरी डा. मिना आचार्य त्यति बेलाको समयमा पनि आमामा रहेको प्रगतिशील सोच र व्यवहारलाई आज फर्केर हेर्दा आफैं चकित पर्ने बताउनु हुन्छ । डा. मिना पढ्न रुस गएर फर्कंदा रसियाली नागरिकसँग विवाह गरेर एक बच्चाका साथ फर्कनु भएको थियो। त्यो घटनालाई रेवन्तकुमारीले धैरै सहजताका साथ लिई छोरीलाई सहयोग गर्नु भएको थियो । बरु टंकप्रसाद आचार्यले त्यो घटनालाई सजिलो गरी लिन सक्नु भएको थिएन । महिलाहरुका स्वतन्त्रताका पाटाहरु के हुन् र बन्धनका गाँठाहरु के हुन् तिनलाई त्यो समयमा नै राम्रो सँग ठम्याउन सक्नु हुन्थ्यो । उहाँ छोराछोरीमा जैविक भिन्नता मात्र छ महिलाहरुले चाहँदा जे पनि गर्न सक्छन् र सक्नु पर्छ भनी अरुलाई प्रेरित गरिरहनु हुन्थ्यो । स्वयं टंकप्रसाद आचार्य समेत रेवन्त कुमारीप्रति नतमस्तक हुनुहुन्थ्यो । खास गरी उहाँमा रहेको आँट, साहस, धैर्यता र समर्पणको राजनीतिका लागि गरेको प्रेरणाले सम्मानित हुनुहुन्थ्यो ।

रेवन्तकुमारी आचार्यले आफ्नो जीवनको उत्तरार्द्ध धार्मिक अनुष्ठानमा बिताउनु भएको थियो आँट, साहस र निडरताकी प्रतिमूर्ति आचार्यको २०५९

श्रावण १२ गते देहान्त भएको थियो । रेवन्तकुमारी कुनै राजकीय पदमा रहनु भएन । उहाँ पार्टीको कार्यकारी भूमिकामा पनि रहनु भएन । तर हामी भन्न सक्छौं उहाँ र उहाँ जस्तै छायाँमा रहेका योद्धाहरुले यति साहस, समर्पण र इमानदारिताका साथ यो आन्दोलनलाई नसघाएको भए राजनीतिक परिवर्तनमा हाम्रो मुलुकले यति छिटै फड्को मार्ने थिएन । आफूले विद्यालयको अनुहार समेत देख्न नपाए पनि, असाध्यै कुसंस्कारहरुले भरिएको समाजमा हुर्किएता पनि महिला जागरणको क्षेत्रमा यो प्रगतिशील सोच राख्ने योद्धाहरु नभएको भए महिला आन्दोलनले पनि यति छिटो प्रगति गर्ने थिएन । त्यस्तो चुनौतिपूर्ण समयमा महिलाहरुले केही गर्न सक्छन् भनेर समेत पत्याउन गाह्रे  मान्ने समाजमा रेवन्तकुमारी आचार्यले राणाशासनको अन्त्यका लागि जुन साहसपूर्ण काम गर्नुभयो;  त्यसले उहाँको इतिहासलाई जीवन्त बनाएको छ । हामी सबैका लागि प्रेरणाको स्रोतको रुपमा उहाँ हाम्रो मानसपटलमा रहिरहनुहुनेछ ।

■ ■ ■